**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ३० जून २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले लोकसभा चुनावमा संविधान र देशको लोकतान्त्रिक प्रणालीमा आफ्नो विश्वास दोहोरयाएकोमा देशवासीप्रति आभार व्यक्त गर्नुभएको छ।

२. आकाशवाणी संस्कृतले आज आफ्नो प्रसारणको ५० वर्ष पुरा गरेकोमा श्री मोदीले आकाशवाणी परिवारलाई बधाई पनि दिनु भएको छ।

३. पश्चिम बंगालको राज्यपाल डा. सी. वी. आनन्द बोसले राज्यका वित्तीय संकटको मुद्दालाई लिएर ममता ब्यानर्जी सरकारलाई आर्थिक स्थितिबारे श्वेत पत्र ल्याउने आग्रह गर्नुभएको छ।

४. राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री साथै राज्यको मुख्यमन्त्री ममता ब्यानर्जीले टी-२० विश्व कपमा च्याम्पियन बनेकोमा भारतीय टीमलाई बधाई दिनुभएको छ।

५. दार्जीलिङ्का केही सचेत नागरिक तथा युवाहरूले दार्जीलिङ्को चौरस्ता वरिपरि आज फेरि सयौं एजेलिया फूलका बिरूवाहरू रोपेका छनू।

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले लोकसभा चुनावमा संविधान र देशको लोकतान्त्रिक प्रणालीमा उहाँप्रति विश्वास दोहोरयाएकोमा देशवासीहरूप्रति आभार व्यक्त गर्नु भएको छ। आज आकाशवाणीबाट मन की बात कार्यक्रम मार्फत राष्ट्रलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नुभयो २०२४ को लोकसभा चुनाउ विश्वकै सबैभन्दा ठूलो चुनाव रहेको भन्दै चुनावमा ६५ करोड़ मानिसहरूले मतदानमा भाग भन्नुभयो। यसका लागि प्रधानमन्त्रीले निर्वाचन आयोग र मतदान प्रक्रियामा संलग्न सबैलाई बधाई दिनुभएको छ।

आज हुल दिवस मनाइने भएकाले ३० जून महत्वपूर्ण दिन भएको प्रधानमन्त्रीले बताउनुभयो। उहाँले यो दिन अंग्रेज शासकको अत्याचारको विरोध गर्ने वीर सिद्धो-कान्हुको अदम्य साहससँग जोडिएको बताउनुभयो। श्री मोदीले यस वर्ष विश्व पर्यावरण दिवसमा सुरु गरिएको विशेष अभियान- एक पेड माँ के नाम-को उल्लेख गर्नुभयो। उहाँले आफ्नी आमासँगै वा आमाको सम्झनामा रुखको बिरूवा रोप्न सबैलाई आग्रह गर्नुभयो। प्रधानमन्त्रीले विगत एक दशकमा भारतमा वन क्षेत्रको अभूतपूर्व विस्तार भएको बताउनुभयो। उहाँले अमृत महोत्सवका क्रममा देशभरमा ६० हजारभन्दा बढी अमृत सरोवर निर्माण भएको उल्लेख गर्नुभयो। मनसुनको उल्लेख गर्दै श्री मोदीले केरलामा बनाइने विशेष छाता- कार्थुम्बीको विशेष उल्लेख गर्नुभयो। यी छाताहरू केरलाको अट्टापडीमा बनाइन्छ।

श्री मोदीले जम्मू-कश्मीरको स्नो मटरको उदाहरण दिंदै स्नो मटरको पहिलो खेप हालै पुलवामाबाट लण्डन पठाइएको बताउनुभयो। उहाँले माई प्रडक्ट माइ प्राइड ह्यासट्याग (My Product My Pride # tag) लगाएर यस्ता उत्पादनहरूबारे जानकारी साझा गर्न पनि श्रोताहरूलाई आग्रह गर्नुभएको छ।

योगका सन्दर्भमा प्रधानमन्त्रीले दशौँ अन्तर्राष्ट्रिय योग दिवस विश्वभरि नै हर्षोल्लास र उत्साहका साथ मनाइएको जनाउँदै योग दिवस मनाउन थालेपछि नयाँ-नयाँ कीर्तिमान बनिरहेको बताउनुभयो। आगामी महिना शुरू हुने पेरिस ओलम्पिक खेलहरूमा सहभागी हुने सबै खेलाड़ीहरूलाई शुभकामना दिनुभयो।

आकाशवाणी संस्कृतले आज आफ्नो प्रसारणको ५० वर्ष पूरा गरेकोमा श्री मोदीले आकाशवाणी परिवारलाई बधाई दिनु भएको छ। उहाँले ५० वर्षदेखि निरन्तर यस बुलेटिनले धेरै मानिसहरूलाई संस्कृतसँग जोडेर राखेको समेत भन्नुभयो। श्री मोदी एक सातापछि पवित्र रथयात्रा शुरू हुन लागेको बताउँदै महाप्रभु जगन्नाथको आशीर्वाद सम्पूर्ण देशवासीमा बनिरहोस् भन्ने कामना गर्नुभएको छ।

मन की बात मार्फत फेरि जनतासँग जोडिन पाएकोमा प्रधानमन्त्रीले खुशी व्यक्त गर्दै केही महिनादेखि मन की बात रेडियोको कार्यक्रम स्थगित भए पनि देश र समाजमा मन की बात-को भावना लगातार कायम रहेको बताउनु भयो। श्री मोदीले मन की बात मार्फत भारतको समृद्ध संस्कृति, इतिहास र विकसित भारत बनाउने प्रयासका बारेमा छलफल गरिरहने बताउनुभएको छ।

****** ० ******

**प्रधानमन्त्री-विमोचन**

प्रधानमंत्री नरेंद्र मोदीले आज वीडियो कन्फ्रेंसिंगको माध्यम बाट पूर्व उपराष्ट्रपति एम. वेंकैया नायडूको ७५ औ जन्मदिनको पूर्व सन्ध्यामा उहाँको जीवन अनि यात्रामा आधारित तीन पुस्तकहरुको विमोचन गर्नुभयो। यस अवसरमा प्रधानमंत्रीले श्री नायडूले भोलि पुरा गर्नुहुने ७५ वर्षको यो यात्रा असाधारण रहेको बताउनुभयो। प्रधानमन्त्रीले श्री नायडूको जीवनी अनि उहाँको जीवन यात्रा माथि आधारित दुइ अन्य पुस्तकहरुको विमोचन गर्नुहुँदै प्रसन्नता व्यक्त गर्नुभयो।

****** ० ******

**नयाँ आपराधिक कानून**

तीन नयाँ आपराधिक कानून भारतीय न्याय संहिता, भारतीय नागरिक सुरक्षा संहित अनि भारत साक्ष्य अधिनियम भोलि अर्थात १ जुलाईदेखि लागू हुनेछ। केन्द्र सरकारले राज्यहरू अनि केन्द्र शासित प्रदेशहरूको साथ नियमित रूपमा बैठक गरेको छ र यी कानूनहरू लागू गर्न प्रौद्योगिकी, क्षमता निर्माण तथा जागरूकता उत्पन्न गर्नको निम्ति केन्द्र पूर्ण रूपमा तयार छ।

****** ० ******

**गवर्नर श्वेतपत्र**

पश्चिम बंगालका राज्यपाल डा. सीवी आनन्द बोसले राज्यका वित्तीय संकटमा ममता बनर्जी सरकारलाई आर्थिक स्थिति बारे श्वेतपत्र ल्याउन आग्रह गर्नुभएको छ। राज्यपालले शनिबार नयाँ दिल्लीमा केन्द्रीय वित्तमन्त्री निर्मला सीतारामणसित भेटबार्ता गर्नु भएको थियो। यसपछि उँहाको यस्तो बयान आएको हो। निर्मला सीतारामनसँग भेट गरेपछि राज्यपालले पश्चिम बंगालको आर्थिक स्थितिले कैयन राजकोषीय जोखिम र सार्वजनिक वित्त प्रबन्धन लगायतका मुद्दाहरूको सामना गरिरहेको बताउनु भयो। यसले सरकारको गम्भीर कमजोरीलाई उजागर गरेको छ। यस गम्भीर आर्थिक स्थितिलाई ध्यानमा राख्दै उँहाले मुख्यमन्त्रीलाई संविधानको धारा १६७ अन्तर्गत मन्त्रिपरिषद्‌मा राज्यको आर्थिक स्थिति बारे विस्तृत रिपोर्ट पेश गर्न आग्रह गर्नु भएको छ।

****** ० ******

**टी 20 फाइनल**

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री साथै राज्यको मुख्यमन्त्री ममता ब्यानर्जीले टी-२० विश्व कपमा विजयी बनेकोमा भारतीय टीमलाई बधाई दिनु भएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो, कहिल्यै हार नमान्ने भावनाको साथमा टीम इंडियाले उत्कृष्ट खेलको प्रदर्शन गर्दै असाधारण जीत दर्ता गरेको छ। उप-राष्ट्रपति जगदीप धनखड़ले पनि भारतीय टीमको असल प्रदर्शन उनीहरुको समर्पण अनि मेहनतको प्रमाण रहेको बताउनुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सन्देशमा यो म्याच ऐतिहासिक रहेको तथा देशलाई भारतीय टीममाथि गर्व रहेको भन्नुभयो। यसरी नै राज्यको मुख्यमन्त्री ममता ब्यानर्जीले सामाजिक संजाल मार्फत टी-२० विश्व कप विजयी बनेकोमा भारतीय क्रिकेट टीमलाई मेरो हार्दिक बधाई भनी लेख्नुनुभएको छ। उल्लेखनीय छ भारतीय क्रिकेट टिमले हिज आईसीसी पुरुष टी-२० क्रिकेट विश्व कप-२०२४ को फाइनलमा दक्षिण अफ्रिकालाई सात रनले पराजित गरेर च्याम्पियन बनेको छ।

****** ० ******

**सिक्किम पुल**

उत्तर सिक्किमको साङ्कालाङबाट जङ्गु र मंगनलाई जोड्ने टिस्टा नदीमाथि बनाइएको बाँसको झोलुङ्गे पूल सञ्चालनमा आएको छ। हिजो निर्माण कार्य पूरा गरिएको यो पूल आज जङ्गु निर्वाचन क्षेत्रका विधायक तथा वन विभागका मन्त्री पिञ्चो नामग्याल लेप्चाले औपचारिक उद्‌घाटन गर्नुभयो।

****** ० ******

**चालक संगठन-कालेबुङ**

सिक्किम- बंगाल ड्राइभर्स एन्ड ओनर्स जोइन्ट एक्सन कमिटी अनि टिस्टा रंगीत ओनर्स एसोसिएसनले आगामी २ जुलाईदेखि राष्ट्रीय राजमार्ग-१० मा ओभर लोड वाहनहरूलाई चल्न नदिने बताएको छ। यी दुई एसोसिएसनको पहलमा ओभर लोड विषयलाई लिएर आज चित्रेमा सम्पन्न बैठकमा यो निर्णय लिएको हो।

****** ० ******

**रोड**

दार्जीलिङ पुलबजार खण्डको रेलिङ ग्राम पञ्चायतको वार्ड नम्बर दुई लामा गाउँको डी.बी गोलाइदेखि लोअर लामागाउँसम्म पुग्ने बाटोको निर्माण कार्य पुरा गरेपछि आज यसको विधिवत् उद्घाटन गरियो।

****** ० ******

**माकपा**

जुलाई महीनाभित्र चियाश्रमिकहरूका लागि मिनिमम वेजेस एक्ट लागू नगरेको खण्डमा माकपाको श्रमिक संगठनले अन्य श्रमिक संगठनहरूलाई साथमा लिएर आर-पारको आन्दोलन शुरू गर्ने चेताउनी दिएको छ।

****** ० ******

**दार्जीलिङ फूल**

दार्जीलिङमा आज फेरि सयौं एजेलिया फूलका बिरूवाहरू रोपियो। यी बिरूवाहरू फुल्न थालेपछि दार्जीलिङको मुटु चौरास्ता वरिपरिको मल रोड परिसर फूलै-फूलले ढकमक्क भएर आकर्षक देखिनेछ। दार्जीलिङका केही सचेत नागरिकहरू र युवाहरूले गत वर्षदेखि नै यो अभियान शुरू गरेका हुन्। युवाहरूले विदेशमा रहेका साथीहरूबाट आर्थिक सहयोग लिएर पनि एजेलियाका बिरूवाहरू किनेको बताएका छन्

****** ० ******

**नेपाली साहित्य अध्ययन समिति**

नेपाली साहित्य अध्ययन समिति, कालेबुङद्वारा दिइएको जानकारी अनुसार २०२४ को भाइचन्द प्रधान पुरस्कार मङपु निवासी कवि सुरेन्द्र थीङ को काव्यकृति पानीको मरूभूमिलाई प्रदान गरिने भएको छ। यसरीनै सिक्किम निवासी कथाकार श्री काजी गजमेरलाई २०२४ को पूर्ण राई स्मृति पुरस्कार प्रदान गरिने घोषणा पनि गरिएको छ। नेपाली साहित्य अध्ययन समिति, कालेबुङद्वारा दिइएको जानकारी अनुसार २०२४ को भाइचन्द प्रधान पुरस्कार मङपु निवासी कवि सुरेन्द्र थीङ को काव्यकृति पानीको मरूभूमिलाई प्रदान गरिने भएको छ। यसरी नै सिक्किम निवासी कथाकार श्री काजी गजमेरलाई २०२४ को पूर्ण राई स्मृति पुरस्कार प्रदान गरिने घोषणा पनि गरिएको छ।

****** ० ******

************